# खराब चालक पुनर्स्थापना कार्यक्रम पुनरावेदन प्रक्रिया

मार्च 2024

## पुनरावेदन प्रक्रिया

IDRP सदस्यले IDRP मूल्याङ्कनकर्ता वा IDRP क्लिनिसियनको निर्णयको विरुद्धमा पुनरावेदन (अपिल) गर्न सक्ने भए तापनि सदस्यहरूले IDRP प्रशासनिक नियममा समावेश भएको IDRP को कुनै पनि भाग (उपचारका लागि सत्र र हप्ताहरूको न्यूनतम सङ्ख्यासहित) को सम्बन्धमा पुनरावेदन गर्न सक्दैनन् ।

सदस्यहरूले पत्राचार (280 State Drive NOB 2 North Waterbury, VT 05671-8340), फ्याक्स (1-866-272-7989) वा इमेल (AHS.VDHIDRP@vermont.gov) मार्फत पुनरावेदन पेश गर्न वा भर्मोन्टको नागरिक प्रक्रियाका नियमहरूको नियम 75 बमोजिम सुपेरियर (उच्च) अदालतमा निर्णयको पुनरावलोकन गर्न अनुरोध गर्न सक्छन् । पुनरावेदनमा अनिवार्य रूपमा निम्न कुराहरू समावेश हुनुपर्छ:

- सदस्यको नाम
- सदस्यको जन्म मिति
- DMV लाइसेन्स नम्बर
- IDRP शिक्षा कम्पोनेन्टको स्थान
- IDRP मूल्याङ्कनकर्ताको नाम
- IDRP क्लिनिसियनको नाम
- घटनाको वर्णन वा पुनरावेदन गर्नुको कारण
- सदस्यको IDRP क्लिनिसियन, IDRP क्लिनिकल मूल्याङ्कनकर्ता र/वा सदस्यले पुनरावेदन गर्न उपयुक्त ठानेका अन्य व्यक्ति वा संस्थासँग कुरा गर्न गोपनीय जानकारी जारी गर्ने अनुमति ।

IDRP निर्देशक वा डिजाइनीले पुनरावेदन र कुनै पनि संलग्न सामग्री वा कागजातको समीक्षा गर्नुहुनेछ, IDRP मूल्याङ्कनकर्तासँग अनुरोधबारे छलफल गर्नुहुनेछ, प्राप्त भएका कुनै अन्य सम्बन्धित जानकारीको समीक्षा गर्नुहुनेछ र उपचारको सिफारिसलाई समर्थन गर्ने कि नगर्ने भनी निर्णय गर्न DSU क्लिनिकल सेवा निर्देशकसँग परामर्श गर्नुहुनेछ ।

सदस्यहरूसँग पुनरावेदन दायर गर्नका लागि सम्बन्धित घटना भएको मितिबाट 60 दिनको समय हुन्छ । पुनरावेदनहरूलाई 5 क्यालेन्डर दिनभित्र लिखितमा स्वीकार गरिनेछ—यो पुनरावेदनको प्रतिउत्तर पनि हुन सक्नेछ । IDRP सँग पुनरावेदनलाई सम्बोधन गर्नका लागि 90 क्यालेन्डर दिनको समय हुन्छ ।

यदि सदस्य IDRP निर्देशकको निर्णयसँग असहमत भएमा सदस्यले IDRP निर्देशकले निर्णय लिएको मितिबाट 60 क्यालेन्डर दिनभित्र DSU डिभिजनका निर्देशकलाई लिखित रूपमा पुनरावेदन गर्न सक्नेछन् । DSU डिभिजनका निर्देशकसँग पुनरावेदनलाई सम्बोधन गर्नका लागि 90 क्यालेन्डर दिनको समय हुन्छ ।

यदि सदस्य DSU डिभिजनका निर्देशकसँग असहमत भएमा सुपेरियर (उच्च) अदालतको फौजदारी डिभिजन (23 VSA § 1209(e) बमोजिम) ले निर्णय लिनेछ ।

# Impaired Driver Rehabilitation Program
# Appeal Process

March 2024

## Appeal Process

An IDRP participant may appeal the decision of the IDRP Evaluator or IDRP Clinician, however participants cannot appeal any component of the IDRP that is included in the IDRP Administrative Rule (including the minimum number of sessions and weeks for treatment).

Participants may submit the appeal via mail (280 State Drive NOB 2 North Waterbury, VT 05671-8340), fax (1-866-272-7989), or email (AHS.VDHIDRP@vermont.gov) or seek review of the decision in Superior Court pursuant to Rule 75 of the Vermont Rules of Civil Procedure. The appeal must include:

- Participant name
- Participant date of birth
- DMV License number
- IDRP Education component location
- IDRP Evaluator name
- IDRP Clinician name
- Description of incident or reason for appeal
- Release of Confidential Information to speak with the participant's IDRP Clinician, IDRP Clinical Evaluator, and/or other person or organization that the participant determines would be applicable to the appeal.

The IDRP Director or designee will review the appeal and any accompanying materials or documents, discuss the request with the IDRP Evaluator, review any other pertinent information obtained, and consult the DSU Clinical Services Director to decide whether to uphold the treatment recommendation.

Participants have 60 days from the pertinent issue to file an appeal. Appeals will be acknowledged in writing within 5 calendar days—this may also be a response to the appeal. IDRP has 90 calendar days to address the appeal.

If the participant disagrees with the IDRP Director decision, they may appeal in writing to the DSU Division Director within 60 calendar days from the IDRP Director decision. The DSU Division Director has 90 calendar days to address the appeal.

If the participant disagrees with the DSU Division Director, the Criminal Division of the Superior Court (in accordance with 23 VSA § 1209(e)) will make a determination.